# नेपाल राजपत्र

# भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, चैत ९ गते २०३२ साल [संख्या ४९

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको
## सूचना

### निजामती सेवा (बाह्रौं संशोधन) नियमावली, २०३२

निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निजामती सेवा (बाह्रौं संशोधन) नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावलीको–

(क) नियम १२–२०३३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नियम १३, १४, १५, १६, १७, १८, १९, २० र २२–२०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. मूल नियमावलीको नियम २.२ मा संशोधनः– मूल नियमावलीको नियम २.२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) मुखिया, खरिदार, नायवसुब्बा वा सो सरहका लागि १८ वर्ष र सोदेखि माथिका अन्य पदका लागि २१ वर्ष उमेर पूरा नभएको।"

३. मूल नियमावलीको नियम २.३ पछि थपः– मूल नियमावलीको नियम २.३ पछि देहायको नियम २.४ थपिएको छः–

"२.४. नयाँ नियुक्ति गर्दा परीक्षण कालमा रहनेः– (१) निजामती कर्मचारीलाई नयाँ नियुक्ति गर्दा पछि नियुक्ति सदर गर्न वा नगर्न सकिने गरी एक वर्षको परीक्षण कालमा नियुक्त गरिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि छुट्टै सेवा शर्त-सम्बन्धी नियमावलीमा कुनै परीक्षणकाल तोकिएको भए सोही बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ३.१ मा संशोधनः– (१) मूल नियमावलीको नियम ३.१ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांश (घ), (ङ) र (च) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (घ), (ङ), (च) र (छ) राखिएको छः–

"(घ) अदालततर्फ राजपत्र अनंकित कर्मचारीलाई एक विभागीय प्रमुख मातहतबाट अर्को विभागीय प्रमुख मातहत सरुवा गर्नु परेमा क्षेत्रीय अदालतको मुख्य न्यायाधीशले गर्न सक्नेछ।

(ङ) कुनै एक क्षेत्रीय अदालत मातहतको कर्मचारीलाई अर्को क्षेत्रीय अदालत मातहत वा सर्वोच्च अदालतमा सरुवा गर्नु परेमा वा सर्वोच्च अदालतको कर्मचारीलाई कुनै क्षेत्रीय अदालत मातहत सरुवा गर्नु परेमा सर्वोच्च अदालतको रजिष्ट्रारले गर्न सक्नेछ।

(च) सरकारी वकील कार्यालयतर्फका राजपत्र अनंकित सरकारी वकील र अरू राजपत्र अनंकित कर्मचारीहरूलाई एक विभागीय प्रमुख मातहतबाट अर्को विभागीय प्रमुख मातहत सरुवा गर्नु परेमा सरकारी वकीलसम्बन्धी नियमावलीमा तोकिएको अधिकारीले गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) प्रतिबन्धात्मक वाक्यांश (क), (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत कुनै निजामती कर्मचारीलाई एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्दा सरुवा गर्ने अधिकारीले सरुवा गर्नु परेको मनासिब माफिकको कारण लिखित रूपमा व्यक्त गरी राख्नु पर्नेछ।"

(२) मूल नियमावलीको नियम ३.१ को उप-नियम (१) पछि देहायको उप-नियम (१. क) थपिएको छः–

"(१.क) उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांश (क) देखि (ङ) सम्म व्यवस्था भएकोमा बाहेक एक विभागीय प्रमुख मातहतका कर्मचारी अर्को विभागीय प्रमुख मातहत सरुवा गर्न आवश्यक परेमा श्री ५ को सरकारले गर्न सक्नेछ।"

५. मूल नियमावलीको नियम ३.३ मा संशोधनः– (१) मूल नियमावलीको नियम ३.३ को उप-नियम (११) को खण्ड (ग) झिकिएको छ।

(२) मूल नियमावलीको नियम ३.३ को उप-नियम (१३) झिकिएको छ।

६. मूल नियमावलीको नियम ३.४ मा संशोधनः– (१) मूल नियमावलीको नियम ३.४ को उप-नियम (१) को खण्ड (क) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरू झिकिएको छ।

(२) मूल नियमावलीको नियम ३.४ को उप-नियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख.१), (ख.२) र (ख.३) थपिएको छ–

"(ख.१) क्षेत्रीय अदालतको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगको अध्यक्षले तोकेको अधिकृत – – अध्यक्ष

(आ) क्षेत्रीय अदालतको मुख्य न्यायाधीश वा निजले तोकेको क्षेत्रीय न्यायाधीश वा अधिकृत – – – – सदस्य

(इ) रजिष्ट्रार, क्षेत्रीय अदालत – – – सदस्य

(ख.२) क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगको अध्यक्षले तोकेको क्षेत्रीय न्यायाधीश वा अधिकृत – – अध्यक्ष

(आ) क्षेत्रीय सरकारी अधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधीश – – – सदस्य

(इ) क्षेत्रीय सरकारी अधिवक्ताले तोकेको अतिरिक्त सरकारी अधिवक्ता वा सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता – – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख.३) राजस्व न्यायाधिकरणको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगको अध्यक्षले तोकेको क्षेत्रीय न्यायाधीश वा अधिकृत– – – – –अध्यक्ष

(आ) राजस्व न्यायाधिकरणको अध्यक्ष वा निजले तोकेको सदस्य– सदस्य

(इ) राजस्व न्यायाधिकरणको अध्यक्षले तोकेको जिल्ला न्यायाधीश–सदस्य"

(३) मूल नियमावलीको नियम ३.४ को उप-नियम (१) को खण्ड (ङ) र (च) को सट्टा देहायको खण्ड (ङ) र (च) राखिएको छः–

"(ङ) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगको अध्यक्षले तोकेको अञ्चल न्यायाधीश वा अधिकृत– – – – अध्यक्ष

(आ) क्षेत्रीय सरकारी अधिवक्ता वा निजले तोकेको अधिकृत– –सदस्य

(इ) क्षेत्रीय सरकारी अधिवक्ताले तोकेको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता– – – – – – – – – – –सदस्य

(च) सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगको अध्यक्षले तोकेको जिल्ला न्यायाधीश वा अधिकृत– – – – अध्यक्ष

(आ) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता वा निजले तोकेको कुनै अधिकृत – – – – – – – – – –सदस्य

(इ) सम्बन्धित सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता – – – – – – – – – – –सदस्य"

(४) मूल नियमावलीको नियम ३.४ को उप-नियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) विभागीय प्रमुखको कार्यालयको सबै राजपत्र अनंकित पद तथा निज मातहतको कार्यालयको राजपत्र अनंकित मूल अड्डा प्रमुख र अड्डा प्रमुख पदको लागि विभागीय प्रमुख"

(५) मूल नियमावलीको नियम ३.४ को उप-नियम (४) को स्पष्टीकरणको खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएको छः–

"(ख) वाग्मती अञ्चल बाहेक अरू अञ्चलका हकमा अञ्चल तथा जिल्लाका कार्यालयहरूमा अदालत र सरकारी वकील कार्यालय भए राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको पदमा र सो बाहेक अरू कार्यालय भए राजपत्र अनंकित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रथम श्रेणीको पदमा बढुवाको निमित्त त्यस्तो अञ्चलभित्रका एक विभागीय प्रमुख मातहतका कार्यालयमा रहेको त्यस्ता रिक्त पदको एक तह मुनिको सबै कर्मचारी ।

तर–

(१) एकै अञ्चल अदालत, जिल्ला अदालत वा अञ्चल तथा जिल्लास्तरीय सरकारी वकील कार्यालयमा त्यस्तो उम्मेदवार नभएमा क्षेत्रीय अदालतका मुख्य न्यायाधीश वा क्षेत्रीय सरकारी अधिवक्ताले तोकिदिएको अन्य अदालत वा सरकारी वकील कार्यालयका एक तह मुनिका सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(२) एकै विभागीय प्रमुख मातहतको कुनै सरकारी कार्यालयमा त्यस्तो उम्मेदवार नभएमा विभागीय प्रमुखले तोकिदिएको त्यस अञ्चल–भित्रको अन्य विभागीय प्रमुख मातहतको कार्यालयका एक तह मुनिका सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(ग) खण्ड (क) र (ख) बमोजिम हुने बाहेक अरू पदमा बढुवाको निमित्त मन्त्रालय, सचिवालय, विभाग, अदालत, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य कार्यालयका हकमा सोही कार्यालयमा रिक्त रहेको पदको एक तह मुनिको सबै कर्मचारीहरू ।"

७. मूल नियमावलीको नियम ३.५ मा संशोधनः– मूल नियमावलीको नियम ३.५ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर कार्य क्षमताको मूल्यांकन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीहरूको हकमा जेष्ठताको आधारमा बढुवा गरिनेछ र त्यस्तो कर्मचारीहरूको आपसी जेष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछः–

(क) हाल बहाल रहेको श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा सो श्रेणीभन्दा एक तह मुनिको श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ग) खण्ड (ख) बमोजिम पनि जेष्ठता नछुट्टिएमा सोभन्दा अर्को एक तह मुनिको श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(घ) माथि उल्लिखित कुनै पनि आधारबाट जेष्ठता नछुट्टिएमा लोकसेवा आयोगको सिफारिशको योग्यता क्रमको आधारमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर लोकसेवा आयोगबाट खुला प्रतियोगिता र बढुवा प्रतियोगिताको एकै मितिमा सिफारिश प्राप्त भएको रहेछ भने खुला प्रतियोगिताबाट सिफारिश भएकोलाई जेष्ठता प्रदान गरिने छ।"

८. मूल नियमावलीको नियम ५.१ मा संशोधनः– मूल नियमावलीको नियम ५.१ मा देहायको खण्ड (८) थपिएको छ :–

"(८) प्रसूती बिदा।"

९. मूल नियमावलीको नियम ५.२ मा संशोधनः– मूल नियमावलीको नियम ५.२ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) झिकिएको छ।

१०. मूल नियमावलीमा नियम ५.८ क. थपः– मूल नियमावलीको नियम ५.८ पछि देहायक नियम ५.८ क. थपिएको छ :–

"५.८क. प्रसूती बिदाः– स्त्री निजामती कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी ६० दिन प्रसूती बिदा पाउनेछ।

तर ३० दिनभन्दा बढी प्रसूती बिदा बसेको दिन जति बिदा बस्ने कर्मचारीको सञ्चित घर बिदाबाट कट्टा हुनेछ। त्यसरी सञ्चित घर बिदाबाट कट्टा गर्न नपुग दिन जति पाक्ने घर बिदाबाट कट्टा गरिनेछ।

११. मूल नियमावलीको नियम ५.११ मा संशोधनः– मूल नियमावलीको नियम ५.११ को सट्टा देहायको नियम ५.११ राखिएको छः–

"५.११ बिदा दिने अधिकारीः– देहायका पदका कर्मचारीलाई देहायका अधिकारीले बिदा दिन सक्नेछन्:–

(क) विशिष्ट श्रेणीको कर्मचारी र अञ्चलाधीशको लागि श्री ५ को सरकार,

तर संवैधानिक अङ्गका कार्यालयका विशिष्ट श्रेणीका कर्मचारी-लाई अन्यथा व्यवस्था भएकोमा बाहेक संवैधानिक अङ्गका प्रमुखले दिन सक्नेछ।

(ख) मन्त्रालय वा सचिवालयका कर्मचारी र मन्त्रालय वा सचिवालय अन्तर्गतको विभागीय प्रमुखको लागि सम्बन्धित मन्त्रालय वा सचि-वालयको सचिव।

(ग) विभागीय प्रमुखको अड्डाको विभागीय प्रमुख बाहेक अन्य पदको निमित्त र मातहत अड्डाका मूल अड्डा प्रमुख पदका निमित्त सम्बन्धित विभागीय प्रमुख।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सम्बन्धित विभागीय प्रमुख जिल्लामा नभएको जिल्लाका मूल अड्डा प्रमुखलाई सम्बन्धित अञ्चलाधीशले भैपरी आउने बिदा, कृया बिदा र बिरामी बिदा दिन सक्नेछ।

(घ) कुनै अड्डाको मूल अड्डा प्रमुख बाहेक अन्य पदका निमित्त र मातहत अड्डाका अड्डा प्रमुख पदका निमित्त सम्बन्धित मूल अड्डा प्रमुख,

(ङ) कुनै अड्डाका अड्डा प्रमुख पद बाहेक अन्य पदका निमित्त सोही अड्डाको प्रमुख,

(च) सरकारी वकीलहरूको निमित्त सरकारी वकीलसम्बन्धी नियमावलीमा तोकिएको अधिकारी,

(छ) राजस्व न्यायाधिकरणको अध्यक्षको निमित्त क्षेत्रीय अदालतको मुख्य न्यायाधीश र सदस्य पदको निमित्त सम्बन्धित मन्त्रालयको सचिव,

(ज) न्यायिक समितिको सचिव र राजपत्राङ्कित अधिकृत पदको निमित्त न्यायिक समितिको अध्यक्ष,

(झ) अञ्चल न्यायाधीश र जिल्ला न्यायाधीशको निमित्त क्षेत्रीय अदालतको मुख्य न्यायाधीश,

(ञ) अन्य पदका निमित्त श्री ५ को सरकारले समय समयमा आदेशद्वारा तोकेको अधिकारी।

तर–

(१) अध्ययन बिदा र असाधारण बिदा श्री ५ को सरकार बाहेक अरू कुनै अधिकारीले दिन सक्ने छैन।

(२) अञ्चलाधीशले कृया बिदा र बिरामी बिदाको हकमा आफैले लिन सक्नेछ र त्यसको सूचना श्री ५ को सरकारलाई दिनु पर्छ।

(३) विभागीय प्रमुख, मूल अड्डा प्रमुख र अड्डा प्रमुखले भैपरी आउने बिदा आफै जनाई लिन सक्नेछ।

१२. मूल नियमावलीको नियम ७.१ मा संशोधनः– (१) मूल नियमावलीको नियम ७.१ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ :–

"(१) कुनै निजामती कर्मचारीको उमेर साठी वर्ष पूरा भएपछि निजलाई सरकारी नोकरीबाट अवकाश दिइनेछ।"

(२) मूल नियमावलीको नियम ७.१ को उप-नियम (२) मा रहेको "पैसट्ठी बर्ष" भन्ने शब्दहरूको सट्टा "बैसट्ठी बर्ष" भन्ने शब्दहरू राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीको नियम ७.३ मा संशोधनः– (१) मूल नियमावलीको नियम ७.३ को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छः–

"(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी ½ महीनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १ महीनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष पूरा नभएसम्म नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १½ महीनाको तलब।"

(२) मूल नियमावलीको नियम ७.३ को प्रतिबन्धात्मक वाक्यांश (१) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (१) राखिएको छः–

"(१) खण्ड (क), (ख) वा (ग) अनुसार पाउने उपदानको रकम क्रमशः रू. ७५००।–, रू. १५०००।– र रू. २२५००।– भन्दा बढी हुने छैन र अस्थायी पदमा वा अस्थायी नियुक्ति हुने पदमा नियुक्ति भएको निजामती कर्मचारीले यस नियम बमोजिम उपदान पाउन सक्ने छैन।"

१४. मूल नियमावलीको नियम ७.४ मा संशोधनः– मूल नियमावलीको नियम ७.४ को सट्टा देहायको नियम ७.४ राखिएको छ :–

"७.४ निवृत्तभरणः– २० वर्ष वा सोभन्दा बढी समयसम्म सरकारी नोकरी गरेका देहायका निजामती कर्मचारीले देहाय बमोजिमका हिसावले मासिक निवृत्तभरण पाउनेछन्ः–

(क) राजपत्राङ्कित कर्मचारीको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{६०}$$

(ख) पियन वा सो सरह बाहेक अन्य राजपत्र अनङ्कित कर्मचारीको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५५}$$

(ग) पियन वा सो सरहका कर्मचारीको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर–

(१) श्री ५ को सरकारलाई ग्रड्डा वा पद नै नचाहिने भई खारेजीमा परेको वा शारीरिक ग्रस्वस्थताको कारणले सरकारी सेवा गर्न ग्रसमर्थ भएको कुनै निजामती कर्मचारीको सेवाको जम्मा ग्रवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने ग्रवधि पुग्ने रहेछ भने त्यस्तो निजामती कर्मचारीको जम्मा नोकरी ग्रवधिमा निवृत्तभरण पाउने ग्रवधि पुऱ्याउन बढीमा पाँच वर्षसम्म थपिनेछ।

(२) यस नियम ग्रनुसार पाउने निवृत्तभरणको रकम मासिक रू.७५०।– भन्दा बढी हुने छैन र भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यत: ग्रयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएका निजामती कर्मचारीले यस नियम बमोजिम निवृत्तभरण पाउन सक्ने छैन।

(३) कुनै सरकारी पदमा ग्रघि गरेको नोकरी बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि निजामती पदमा नियुक्ति भएमा निजले पछि गरेको नोकरी बापत यो नियम बमोजिम निवृत्तभरण पाउने छैन।

(४) सरकारी नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, तीन पुस्ते, उमेर, जात, थर, बतन, नागरिकता वा ग्रयोग्यता ढाँटेको प्रमाणित हुन ग्राएमा यो नियम बमोजिम निवृत्तभरण दिइने छैन। तर कसूर प्रमाणित हुनु ग्रगावै खाइपाइसकेको रकम फिर्ता गर्नु पर्ने छैन।"

५. मूल नियमावलीको नियम ७.५ मा संशोधन:– (१) मूल नियमावलीको नियम ७.५ को उप-नियम (१) मा रहेको "५ वर्ष" भन्ने ग्रङ्क र शब्दको सट्टा "७ वर्ष" भन्ने ग्रङ्क र शब्द राखिएको छ।

(२) मूल नियमावलीको नियम ७.५ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:–

"तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण ७ वर्षभन्दा बढी समय प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दैमा मृत्यु भएको निजामती कर्मचारीको परिवारलाई ७ वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७६.८०

स्पष्टीकरणः– यस्तो निवृत्तभरण २०३२ साल श्रावण १ गतेभन्दा अघिदेखि पाई २०३२ साल श्रावण १ गते वा सोभन्दा पछिसम्म पाइरहेका व्यक्तिले यस्तो निवृत्तभरण पाउन थालेको मितिले सात वर्ष नपुगेसम्म पाउनेछ ।

१६. मूल नियमावलीको नियम ७.६ मा संशोधनः– (१) मूल नियमावलीको नियम ७.६ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ :–

"(२) उप-नियम (१) बमोजिम असक्त भएको निजामती कर्मचारीको सेवाको अवधि निवृत्तभरण पाउने अवस्था पुगेको छ भने निज तत्काल बहाल रहेको उच्चतम पद (कायम मुकायम गरेको वा नियम ८.५ (२) बमोजिम काम गरेको भए सो पदको समेत) को तत्काल पाएको तलबको नियम ७.४ बमोजिम हिसाब गरी हुन आउने रकम निवृत्तभरण पाउनेछ । त्यस्तो असक्त भएको निजामती कर्मचारीको सेवाको अवधि निवृत्तभरण पाउने अवस्था पुगेको छैन भने निवृत्तभरण पाउने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गरी बाँकी हुन आउने निवृत्तभरणको अङ्क पाउनेछ र यसरी कट्टी गर्दा एक तिहाईभन्दा बढी कट्टी गरिने छैन ।

उदाहरणार्थः– कुनै निजामती कर्मचारीको तत्कालको उच्चतम पदको तलबको हिसाबले नियम ७.४ बमोजिम बीस वर्ष सेवा गरेकोमा मासिक रू. १००।– निवृत्तभरण हुन्थ्यो भने देहायको नोकरी अवधिको निमित्त देहाय बमोजिम दरले निवृत्तभरण पाउनेछः–

| नोकरी वर्ष | मासिक असक्त निवृत्तभरण |
|---|---|
| १५ | रू. ७५।– |
| १४ | रू. ७०।– |
| १० | रू. ६६।६६।२ एक तिहाई भन्दा |
| ५ | रू. ६६।६६।२ बढी कट्टा नगर्दा |

(२) मूल नियमावलीको नियम ७.६ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छ :–

"(३) असक्तता बापत उप-नियम (२) मा लेखिएको निवृत्तभरणमा थप पाउने मासिक असक्त भत्ता देहाय बमोजिम हुनेछ :–

| असक्तताको प्रतिशत | सबै राजपत्राङ्कित श्रेणीहरू | राजपत्र अनङ्कित प्रथम श्रेणी | राजपत्र अनंकित द्वितीयश्रेणी | राजपत्र अनंकित तृतीय र चतुर्थ श्रेणी | पियन र सो सरह |
|---|---|---|---|---|---|
| १०० | रू. १२५।– | रू. ६०।– | रू. ४८।– | रू. ४४।– | रू. ४०।– |
| ९० | रू. ११२।५० | रू. ५४।– | रू. ४३।५० | रू. ३९।५० | रू. ३६।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | रू. १००।– | रू. ४८।– | रू. ३८।५० | रू. ३५।– | रू. ३२।– |
| ७० | रू. ८७।५० | रू. ४२।– | रू. ३४।– | रू. ३१।– | रू. २८।– |
| ६० | रू. ७५।– | रू. ३६।– | रू. २९।– | रू. २६।५० | रू. २४।– |
| ५० | रू. ६२।५० | रू. ३०।– | रू. २४।– | रू. २२।– | रू. २०।– |
| ४० | रू. ५०।– | रू. २४।– | रू. १९।५० | रू. १७।५० | रू. १६।– |
| ३० | रू. ३७।५० | रू. १८।– | रू. १४।५० | रू. १३।५० | रू. १२।– |
| २० | रू. २५।– | रू. १२।– | रू. १०।– | रू. ९।– | रू. ८।– |

स्पष्टीकरणः–

(क) सयकडा २० भन्दा कम्ती अशक्ततालाई अशक्त भएको मानिने छैन ।

(ख) अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका निजामती कर्मचारी पछि निजामती सेवा वा पदमा प्रवेश भएमा वा कायम रहेमा (नोकरीको अवधिभर) यो नियममा लेखिएको अशक्तवृत्ति पाउने छैन ।

(३) मूल नियमावलीको नियम ७.६ को उप-नियम (४)मा रहेको "५ वर्ष" भन्ने अङ्क र शब्दको सट्टा "७ वर्ष" भन्ने अङ्क र शब्द राखिएको छ ।

१७. मूल नियमावलीको नियम ७.७ मा संशोधनः– मूल नियमावलीको नियम ७.७ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ :–

"(१) कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा स्त्रीलाई देहाय बमोजिमको छुट्टै आजीवन पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिइनेछ :–

| मृत कर्मचारीको श्रेणी | पारिवारिक वृत्तिको मासिक दर | पटके उपदान |
|---|---|---|
| राजपत्राङ्कित विशिष्ट श्रेणी | रू. २५०।– | रू. ८७५०।– |
| राजपत्राङ्कित प्रथम श्रेणी | रू. १९५।– | रू. ६५००।– |
| राजपत्राङ्कित द्वितीय श्रेणी | रू. १३५।– | रू. ४०५०।– |
| राजपत्राङ्कित तृतीय श्रेणी | रू. १०५।– | रू. ३८००।– |
| राजपत्र अनङ्कित प्रथम श्रेणी | रू. ७५।– | रू. २२५०।– |
| राजपत्र अनङ्कित द्वितीय श्रेणी | रू. ४८।– | रू. ११२०।– |
| राजपत्र अनङ्कित तृतीय श्रेणी | रू. ४२।५० | रू. ८५०।– |
| राजपत्र अनङ्कित चतुर्थ श्रेणी | रू. ३६।– | रू. ५४०।– |
| पियन वा सो सरह | रू. ३०।– | रू. ४००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल नियमावलीको नियम ७.७ पछि नियमहरू थप:– मूल नियमावलीको नियम ७.७ पछि देहायको नियम ७.७ क र ७.७ ख थपिएको छ:–

"७.७क. शैक्षिक भत्ता तथा सन्तति वृत्ति:– (१) कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत वा अशक्त कर्मचारीको प्रत्येक सन्ततिलाई १८ वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ :–

(क) राजपत्राङ्कित कर्मचारीको प्रत्येक सन्ततिलाई रू. ६००।–

(ख) राजपत्र अनङ्कित कर्मचारीको प्रत्येक सन्ततिलाई रू. ४००।–

(२) सरकारी कामको सिलसिलामा मृत्यु भएको निजामती कर्मचारीको प्रत्येक सन्ततिलाई उप-नियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत त्यस्तो मृत कर्मचारीको प्रत्येक सन्ततिलाई देहायको दरले मासिक सन्तति वृत्ति समेत दिइनेछ ।

| कर्मचारीको श्रेणी | आमाबाबु दुबै जीवित नहुने सन्तति | आमा वा बाबुमध्ये कुनै एक जीवित हुने सन्तति |
|---|---|---|
| (क) सबै राजपत्राङ्कित श्रेणीहरू | रू. ७५।– | रू. ६५।– |
| (ख) राजपत्र अनङ्कित प्रथम र द्वितीय श्रेणी | रू. ३५।– | रू. ३१।– |
| (ग) राजपत्र अनङ्कित तृतीय र चतुर्थ श्रेणी | रू. ३२।– | रू. २६।– |
| (घ) पियन वा सो सरह | रू. ३०।– | रू. २८।– |

(३) उप-नियम (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले २१ वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितितक पाउनेछ ।

तर, २१ वर्षको उमेर पूरा नहुँदै विवाह गर्ने सन्ततिको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तति वृत्ति दिइने छैन ।

स्पष्टीकरण:– यस नियमको प्रयोजनको लागि "सन्तति" भन्नाले मृत वा अशक्त निजामती कर्मचारीको छोरा तथा छोरी सम्झनु पर्छ ।

७.७ख. समितिको व्यवस्था:– (१) काठमाडौं उपत्यकामा रहेको सरकारी कार्यालयको कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा मृत्यु भएमा वा आजीवन अशक्त भएमा निजले निजको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा सिफारिश गर्न देहायका सदस्यहरूको एउटा समिति रहनेछ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6600

(क) अर्थ मन्त्रालयको प्रतिनिधि

(ख) प्रशासन व्यवस्था विभागको प्रतिनिधि

(ग) सम्बन्धित कर्मचारीको सेवासम्बन्धी मन्त्रालयको प्रतिनिधि ।

(२) काठमाडौं उपत्यका बाहेक अन्यत्र रहेका सरकारी कार्यालयका कर्मचारीको हकमा उप-नियम (१) बमोजिमको सिफारिश गर्नको लागि श्री ५ को सरकारले तोकेको सदस्यहरू भएको समिति रहनेछ ।

(३) उप-नियम (१) वा (२) बमोजिम गठित समितिहरूलाई कुनै निजामती कर्मचारीको मृत्यु सरकारी कामको सिलसिलामा भएको हो वा होइन र अशक्तता बापतको प्रतिशतको सम्बन्धमा समेत सिफारिश गर्ने अधिकार हुनेछ ।"

१९. <u>मूल नियमावलीको नियम ७.८ मा संशोधनः</u>– मूल नियमावलीको नियम ७.८ को सट्टा देहायको नियम ७.८ राखिएको छः–

"७.८ <u>उपचार खर्चः</u>– (१) कुनै निजामती कर्मचारी बिरामी भएमा औषधोपचारको लागि देहाय बमोजिम भएको खर्चको नब्बे प्रतिशत रकम श्री ५ को सरकारले उपचार खर्च बापत दिनेछः–

(क) अस्पताल भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरीद गरेको औषधी खर्च,

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्बन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, बैद्य वा हेल्थ असिस्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिएको प्रेस्क्रिप्शन अनुसार खरीद गरेको औषधी खर्च,

(ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, बैद्य वा हेल्थ असिस्टेण्ट पनि नभएको ठाउँमा भएको उपचारमा विभागीय प्रमुख बाहेक अन्य कर्मचारीको हकमा विभागीय प्रमुखले सिफारिश गरेको र विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिवले सिफारिश गरेको खर्च,

(घ) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चीरफार (सरजिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्ग होममा चीरफार गरेको खर्च भने दिइने छैन,

(ङ) चस्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बील बमोजिम खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८८०९

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको तमाम नोकरी अवधिभरमा राजपत्रांकित कर्मचारी भए नौ महीना बराबरको र राजपत्र अनङ्कित कर्मचारी भए डेढ वर्ष बराबरको तलव बराबरको रकमसम्म मात्र उपचार खर्च दिइनेछ।

तर,

सरकारी कामको सिलसिलामा चोट पटक लाग्न गई घायल भएको कर्मचारीको उपचार गर्न वा नेपाल अधिराज्यभित्र औषधी उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त मेडिकल बोर्डले सिफारिश गरेको कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा उप-नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ।

(३) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रूपमा लिन चाहेमा कारण मुनासिव देखिए उप-नियम (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित कर्मचारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

(४) यस नियम बमोजिम औषधी उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको परिवारको सदस्यहरूमध्ये नियम ७.५ बमोजिम निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(५) यस नियममा यसअघि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका निजामती कर्मचारीले एक पटकमा देहायको रकमभन्दा बढी खर्च भएको उपचार खर्च पाउने छैन।

| | निजामती अप्राविधिक कर्मचारी | निजामती प्राविधिक कर्मचारी |
|---|---|---|
| (१) राजपत्राङ्कित विशिष्ट श्रेणी | रू. १७१।– | |
| (२) राजपत्राङ्कित प्रथम श्रेणी | रू. १३२।– | रू. १२८।– |
| (३) राजपत्राङ्कित द्वितीय श्रेणी | रू. ८५।– | रू. ६२।– |
| (४) राजपत्राङ्कित तृतीय श्रेणी | रू. ५७।– | रू. ६८।– |
| (५) राजपत्र अनङ्कित प्रथम श्रेणी | रू. ३२।– | रू. ३६।– |
| (६) राजपत्र अनङ्कित द्वितीय श्रेणी | रू. २१।– | रू. २२।– |
| (७) राजपत्र अनङ्कित तृतीय श्रेणी | रू. १४।– | रू. १५।– |
| (८) राजपत्र अनङ्कित चतुर्थ श्रेणी | रू. १२।– | रू. १३।– |
| (९) पियन र सो सरह | रू. १०।– | रू. १०।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) झुट्ठा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने निजामती कर्मचारी उपर विभागीय कारवाई गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत त्यस्तो कर्मचारीबाट असूल गरिनेछ ।

२०. मूल नियमावलीको नियम ७.१० मा संशोधनः– मूल नियमावलीको नियम ७.१० को सट्टा देहायको नियम ७.१० राखिएको छ :–

"७.१० तलबको उल्लेखः– (१) यस परिच्छेदमा जहाँ जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित कर्मचारीको तत्कालको तलब रकम (स्केल वृद्धि समेत) लाई जनाउनेछ ।

(२) नियम ७.३ र ७.४ को प्रयोजनको लागि आखिरी तलब भन्नाले सम्बन्धित कर्मचारीले अवकाश प्राप्त गर्ने बेलाको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै कर्मचारी असाधारण बिदा वा विशेष बिदामा बसेको वा सस्पेण्डमा रहेको भए त्यस्तो अवधिभरको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।"

२१. मूल नियमावलीको नियम ७.११ मा संशोधनः– मूल नियमावलीको नियम ७.११ को सट्टा देहायको नियम ७.११ राखिएको छः–

"७.११ निवृत्तभरणसम्बन्धी कार्यविधिः– (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने कर्मचारीले अवकाश लिने मितिभन्दा छ महीना अगावै श्री ५ को सरकार-द्वारा तोकिएको फाराम भरी आफू बहाल रहेको कार्यालय मार्फत निजामती किताबखानामा पठाउनु पर्छ । सेवा अवधि पुगी वा स्वेच्छिक अवकाश प्राप्त गर्ने वा श्री ५ को सरकारले नै अवकाश दिएको वा नोकरीबाट हटाएको कर्मचारीले भने अवकाश पाएको वा नोकरीबाट हटाएको छ महीनाभित्रमा त्यस्तो फाराम भरी पठाउनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत कर्मचारीले इच्छाएको व्यक्तिले र कसैलाई नइच्छाएको भए निजको परिवारका सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैले सम्बन्धित अधिकारी समक्ष छ महीनाभित्र फाराम भरी पठाउनु पर्नेछः–

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा,

(ग) सगोलको अविवाहिता छोरी,

(घ) सगोलको बाबु, आमा र छोरा पट्टिको नाती,

(ङ) भिन्न बसेको पति वा पत्नी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) भिन्न बसेको छोरा,
(छ) भिन्न बसेको अविवाहिता छोरी, बाबु र आमा,
(ज) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु, भाइ, विधवा छोरा बुहारी र छोरा पट्टिको अविवाहिता नातिनी,
(झ) सगोलको अविवाहिता दिदी, बहिनी र विवाहिता छोरी,
(ञ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरा पट्टिको नाती, अविवाहिता नातिनी,
(ट) सगोलका काका, विधवा काकी, भाउजू, भाइ बुहारी, नातिनी बुहारी,
(ठ) भिन्न बसेका दाजु, भाइ,
(ड) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी, भतिजा।

स्पष्टिकरणः– एकै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएको भए सो क्रममा तोकिएका सबै नातेदारहरूले बराबर हिस्सामा मृत कर्मचारीको निवृत्तभरण पाउन सक्नेछ ।

(३) उप–नियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि निजामती किताबखानाले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने कर्मचारी वा मृत कर्मचारीको निवृत्तभरण पाउने नातेदारलाई श्री ५ को सरकारले तोकेको ढाँचामा निवृत्तभरण अधिकारपत्र (पेन्सन पेमेन्ट अर्डर) दिनु पर्छ ।

२२. मूल नियमावलीको नियम ७ क. ३ मा संशोधनः– (१) मूल नियमावलीको नियम ७ क. ३ को उप–नियम (२) को खण्ड (क) मा रहेको "मासिक रू. ५००।–" भन्ने शब्द र अङ्कको सट्टा "मासिक रू. ६००।–" भन्ने शब्द र अङ्क राखिएको छ ।

(२) मूल नियमावलीको नियम ७ क. ३ को उप–नियम (२) को खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर नोकरी अवधिबाट नियम ७.४ बमोजिम रू. ६००।– भन्दा बढी निवृत्तभरण पाउने रहेछ भने त्यस्तो बढी निवृत्तभरण पाउन यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।"

(३) मूल नियमावलीको नियम ७ क. ३ को उप–नियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) ५ वर्षभन्दा बढी अवधि विशिष्ट श्रेणीको पदमा काम गरेको निजामती कर्मचारीलाई खण्ड (क) मा उल्लिखित मासिक निवृत्तभरणको अतिरिक्त विशिष्ट श्रेणीको पदमा ५ वर्षभन्दा बढी काम गरेको प्रत्येक वर्षको निमित्त रू. ५०।– का दरले थप मासिक निवृत्तभरण दिइनेछ ।
तर यसरी थप निवृत्तभरण दिंदा कुल निवृत्तभरणको रकम मासिक रू.७५०।– भन्दा बढी हुने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना विभाग, सिंहदरबार

६८४

२३. मूल नियमावलीको नियम ८.१ मा संशोधन:– मूल नियमावलीको नियम ८.१ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

२४. मूल नियमावलीको नियम ८.२ मा संशोधन:– मूल नियमावलीको नियम ८.२ को सट्टा देहायको नियम ८.२ राखिएको छः–

"८.२ कायम मुकायम मुकरर गर्ने र काज खटाउने अधिकारी:– (१) देहायका पदहरूमा देहायको अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछ:–

(क) विशिष्ट श्रेणीको निमित्त श्री ५ को सरकार,

तर संवैधानिक अङ्गका कार्यालयका विशिष्ट श्रेणीको पदमा अन्यथा व्यवस्था भएकोमा बाहेक संवैधानिक अङ्गको प्रमुख,

(ख) मन्त्रालय वा सचिवालयका अन्य कर्मचारी र मन्त्रालय वा सचिवालय अन्तर्गतको विभागीय प्रमुख पदका निमित्त सम्बन्धित मन्त्रालय वा सचिवालयको सचिव,

(ग) कुनै विभागको विभागीय प्रमुख पद बाहेक अन्य पदको निमित्त र मातहत अड्डाका मूल अड्डा प्रमुखको निमित्त सम्बन्धित विभागीय प्रमुख,

(घ) कुनै अड्डाको मूल अड्डा प्रमुख पद बाहेक अन्य पदको निमित्त र मातहत अड्डाको अड्डा प्रमुख पदका निमित्त सम्बन्धित मूल अड्डा प्रमुख,

(ङ) कुनै अड्डाको अड्डा प्रमुख बाहेक अन्य पदका निमित्त सोही अड्डाका प्रमुख,

(च) क्षेत्रीय अदालतको रजिष्ट्रार र जिल्ला न्यायाधीश पदको निमित्त क्षेत्रीय अदालतको मुख्य न्यायाधीश,

(छ) अञ्चल न्यायाधीश पदको निमित्त सर्वोच्च अदालतको प्रधान न्यायाधीश,

(ज) सरकारी वकील पदको निमित्त सरकारी वकीलसम्बन्धी नियमावलीमा तोकिएको अधिकारी,

(झ) राजस्व न्यायाधिकरणको अध्यक्षको पदको निमित्त प्रधान न्यायाधीश र अन्य सदस्यको पदको निमित्त श्री ५ को सरकार,

(ञ) न्यायिक समितिको सचिव र राजपत्रांकित अधिकृत पदको निमित्त न्यायिक समितिको अध्यक्ष ।

(ट) अन्य कुनै पदको निमित्त श्री ५ को सरकारले समय समयमा आदेशद्वारा तोकेको अधिकारी ।

(२) उप–नियम (१) बमोजिम जुन जुन पदको निमित्त कायम मुकायम मुकरर गर्ने जो जो अधिकारी तोकिएको हो सोही अधिकारीले सम्बन्धित पदमा रहेको कर्मचारीलाई काज खटाउन पनि सक्नेछ ।"

२५. मूल नियमावलीको नियम १०.२ मा संशोधन:– मूल नियमावलीको नियम १०.२ को उपनियम (२) को खण्ड (छ), (झ), (ञ) र (ठ) को सट्टा देहायको खण्ड (छ), (झ), (ञ) र (ठ) राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

0062

(छ) अदालत र न्यायिक समितितर्फका राजपत्र अनङ्कित निजामती कर्मचारी तथा नेपाल न्याय सेवाका कर्मचारीको सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १. जिल्ला अदालतका राजपत्र अनङ्कित कर्मचारी | जिल्ला न्यायाधीश | अञ्चल न्यायाधीश | जिल्ला न्यायाधीश | अञ्चल न्यायाधीश |
| २. अञ्चल अदालतका राजपत्र अनङ्कित कर्मचारी | अञ्चल न्यायाधीश | क्षेत्रीय अदालतको मुख्य न्यायाधीश | अञ्चल न्यायाधीश | क्षेत्रीय आदालतको मुख्य न्यायाधीश |
| ३. क्षेत्रीय अदालतका राजपत्र अनङ्कित कर्मचारी | क्षेत्रीय अदालतको रजिष्ट्रार | क्षेत्रीय अदालतको मुख्य न्यायाधीश | क्षेत्रीय अदालतको मुख्य न्यायाधीश | सर्वोच्च अदालतको प्रधान न्यायाधीश |
| ४. सर्वोच्च अदालतका राजपत्र अनङ्कित कर्मचारी | सर्वोच्च अदालतको रजिष्ट्रारद्वारा तोकिएको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत | सर्वोच्च अदालतको रजिष्ट्रार | सर्वोच्च अदालतको रजिष्ट्रार | सर्वोच्च अदालतको प्रधान न्यायाधीश |
| ५. न्यायिक समितिका राजपत्र अनङ्कित कर्मचारी | न्यायिक समितिको सचिव | न्यायिक समितिको अध्यक्ष | न्यायिक समितिको सचिव | न्यायिक समितिको अध्यक्ष |
| ६. नेपाल न्याय सेवाका राजपत्राङ्कित कर्मचारी | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) महान्यायाधिवक्ताको कार्यालय र सो कार्यालय मातहतका सरकारी वकील कार्यालयहरूका निजामती कर्मचारीको सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयको सरकारी वकील बाहेकका राजपत्र अनङ्कित कर्मचारी | सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता |
| २. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको सरकारी अभिवक्ता वा सो अधिकारी नभएमा क्षेत्रीय सरकारी अधिवक्ता | क्षेत्रीय सरकारी अधिवक्ता तर क्षेत्रीय सरकारी अधिवक्ताले सजाय दिएको भए महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |
| ३. सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील बाहेकका रा. प. अ. कर्मचारी | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता |
| ४. सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| ५. क्षेत्रीय सरकारी अधिवक्ता कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील बाहेकका राजपत्र अनङ्कित कर्मचारी | अतिरिक्त सरकारी अधिवक्ता रहे निज र निज नरहेकोमा सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता |
| ६. क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील | अतिरिक्त सरकारी अधिवक्ता रहेकोमा निज र निज नरहेकोमा सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | क्षेत्रीय सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |
| ७. महान्याधिवक्ताको कार्यालयको राजपत्र अनङ्कित सरकारी कर्मचारी | कार्यालय प्रशासन हेर्ने सरकारी अधिवक्ता वा अतिरिक्त सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |
| ८. महान्यायाधिवक्ताको कार्यालय र सो कार्यालय मातहतका सरकारी वकील कार्यालयका राजपत्राङ्कित कर्मचारी | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५को सरकार |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) वाग्मती विशेष अदालतका निजामती कर्मचारीको सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १. राजपत्र अनङ्कित कर्मचारी | अध्यक्षले तोकेको सदस्य | अध्यक्ष | अध्यक्ष | कानून तथा न्याय मन्त्रालयको सचिव |
| २. राजपत्राङ्कित कर्मचारी | श्री ५को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) राजस्व न्यायाधिकरणको कार्यालयका निजामती कर्मचारीको सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १. राजपत्र अनङ्कित कर्मचारी | अध्यक्षले तोकेको सदस्य | अध्यक्ष | अध्यक्ष | कानून तथा न्याय मन्त्रालयको सचिव |
| २. राजपत्राङ्कित अधिकृत | श्री ५को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
७८०

२६. मूल नियमावलीको नियम ११.६ मा संशोधनः– मूल नियमावलीको नियम ११.६ को सट्टा देहायको नियम ११.६ राखिएको छः–

"११.६ वहाली वर्खासीको पूर्जी दिनेः– (१) देहायको अधिकारीले देहायका निजामती कर्मचारीलाई वहाली वर्खासीको पूर्जी दिनेछः–

(क) राजपत्राङ्कित पदका कर्मचारीहरूमध्ये प्रशासन सेवाका कर्मचारीलाई प्रशासन व्यवस्था बिभागबाट र अरू सेवाका कर्मचारीहरूलाई सम्बन्धित मन्त्रालयबाट,

(ख) राजपत्र अनङ्कित पद र पियन वा सो सरहका कर्मचारीलाई नियुक्त गर्ने अधिकारी।

(२) उप–नियम (१) बमोजिम कुनै कर्मचारीलाई वहाली पूर्जी दिंदा निजले वहाली गर्नु पर्ने मिति समेत तोकी सम्बन्धित अधिकारीले पूर्जी दिन सक्नेछ। त्यसरी वहाली गर्नेको निमित्त कुनै खास मिति तोकिएको भए सोही मितिमा र कुनै मिति नतोकिएको भए त्यस्तो वहाली पूर्जी बुझिलिएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र पूर्जी बुझिलिने कर्मचारीले वहाल गर्नु पर्छ।

(३) आफ्नो काबु वाहिरको अवस्था परेमा बाहेक उप–नियम (२) मा तोकिएको म्यादभित्र वहाली नगर्ने कर्मचारीको वहाली पूर्जीलाई वहाली पूर्जी दिने अधिकारीले रद्द गर्न सक्नेछ।"

२७. मूल नियमावलीको अनुसूचीमा संशोधनः– मूल नियमावलीको अनुसूची १ (क) को नं. (३) झिकिएको छ र देहाय नं. (८) को सट्टा देहायको नं. (८) राखिएको छः–

"(८) वाग्मती विशेष अदालतको अध्यक्ष"

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।